# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १० संख्याः ४ २०८३ जेठ ११

दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

भागः२

## विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ (पहिलो संशोधन-२०८३)

**<u>प्रस्तावनाः</u>** दुल्लू नगरपालिकाको "विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३" लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ को दफा २७ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिकाको मिति २०८३।०२।०९ गतेको बैठकबाट "विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ (पहिलो संशोधन-२०८३)" स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (**१) यस कार्यविधिको नाम "विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ (पहिलो संशोधन-२०८३)" रहेको छ ।

   **(**२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ को दफा ५ मा संशोधन :** विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ५ को उपदफा (१) को खण्ड (छ) पछि देहाय बमोजिम खण्ड (ज) थप गरिएको छ:

   (ज) यस कार्यविधि मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आधारभूत तह (कक्षा १-८) सञ्चालन हुनका लागि कम्तिमा ९० जना विद्यार्थी भएको हुनुपर्ने छ ।

३. मूल कार्यविधिको दफा ६ मा संशोधन : मूल कार्यविधिको दफा ६ को उपदफा (२) को खण्ड (ञ) पछि देहाय बमोजिम खण्ड (ञ१) थप गरिएको छ :

(ञ१) खण्ड (ञ) बमोजिम खटाइएका सामुदायिक सिकाई केन्द्रको बैंकिङ खाता सञ्चालन खटिइगएको सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय/प्रधानाध्यापक र सहजकर्ताको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्ने छ ।

४. मूल कार्यविधिको दफा १६ मा संशोधन : मूल कार्यविधिको दफा १६ को उपदफा (१) को खण्ड (ड) पछि देहाय बमोजिम खण्ड (ढ) थप गरिएको छ :

(ढ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विद्यालयको स्थायी शिक्षक द्वितीय श्रेणीको भएमा उक्त विद्यालय माथिल्लो तह सञ्चालन भएको भएपनि शैक्षिक योग्यतालाई आधार नबनाइ जेष्ठताको आधारमा निजलाई प्रधानाध्यापक नियुक्ति गर्न सकिनेछ ।

प्रमाणिकरण मितिः२०८३।०२।११

आज्ञाले

पदम बहादुर बुढा(क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत